आजमिति २०७३ साल फागुन १२ गतेका दिन यस रत्ननगर नगरपालिकाको बोर्ड बैठक निमित्त कार्यकारी अधिकृत श्री सीताराम पोखरेल ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती:**

| | | |
|---|---|---|
| १. | निमित्त कार्यकारी अधिकृत श्री सीताराम पोखरेल, रत्ननगर न. पा. कार्यालय | द |
| २. | योजना शाखा प्रमुख श्री प्रकाशचन्द्र ढुंगाना | द |
| ३. | प्रशासन शाखा प्रमुख श्री चन्द्रमणी आचार्य | द |
| ४. | सूचना शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल | द |
| ५. | सामाजिक विकास शाखा प्रमुख श्री पुष्पराज आचार्य | द |
| ६. | भूकम्प सुरक्षा तथा नक्सापास शाखा प्रमुख श्री नमेश गुरुङ्ग | द |
| ७. | खरिद तथा जिन्सी व्यवस्थापन उपशाखा प्रमुख श्री नवराज तिवारी | द |
| ८. | आलेप प्रमुख श्री राधा चौधरी | द |
| ९. | राजश्व उपशाखा प्रमुख श्री डिम्मेश्वरी पौडेल | द |
| १०. | नेपाल नगरपालिका कर्मचारी एसोसियसन प्रतिनिधी-उपाध्यक्ष श्री शंकर गिरी | द |

**निर्णय:**

**निर्णय नं. १:**

यस रत्ननगर नगरपालिकाले नगरको भु-उपयोग योजना, भौतिक विकास योजना, सामाजिक, सांस्कृतिक, आर्थिक विकास योजना, जोखीमयुक्त भू-उपयोग योजना, शहरी यातायात योजना तयार गरी Multi Sectoral Investment plan बनाउने उद्धेश्यका साथ बृहत शहरी विकास योजना Comprehensive Town Development Plan/Integrated Urban Development Plan (IUDP) कार्यक्रम लागु गर्न १५ दिने आशय पत्र सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:**

यस न. पा. को आ. व. २०७३।०७४ को दोश्रो चौमासिक अवधिको सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०७३।११।३० गते सोमबार, दिनको १:०० बजे र. न. पा. सभा हलमा आयोजना गर्ने निर्णय गरियो ।